## चुला दर्शन बारेमा

साधारण अर्थमा चुला भन्नाले भात पकाउनको लागी बनाएको ठाँउलाई चुला भनिन्छ । तर किरात राई जातीमा भने चुलाले भिन्नै अर्थ लगाउदछ । किरात राई जाति बिच समान्ता र आस्थाको प्रतिक आदिम कालदेखी मानि आएको चुलालाई बेग्लै अर्थ लागाएका छन । इस्लामको जस्तो मस्जिद, हिन्दुको जस्तो मन्दिर, क्रिश्चियनको जस्तो चर्च र बौदको जस्तो गुम्बाको रुपमा चुलालाई पित्रीहरु बस्ने पवित्र स्थलको रुपमा मानिआएको छ किरात राईहरुले । चुलामा ३ वटा ढुङगा गाढिएको हुन्छ । पहिलो ढुङगाले बंशलाई, दोस्रो ढुङगाले कुटुम्बलाई र तेस्रो ढुङगाले समाजलाई ईङिगत गरेको हुन्छ । किरात राईहरुले चुलामा दर्शन–ढोग तथा भक्ति गर्ने गर्दछ । चुलामा सर्वशक्तिमान इश्वर, देवी देवता र आफुलाई जन्म दिने पिता पुर्खाहरुले बास रहेको हुन्छ भनि मान्दछ । चुलालाई दर्शन–ढोग गरे पित्रीहरु खुसी भई चिताएको मनोआकाङक्षा पुरा हुने, धन दौलत र ऐश्वर्य प्राप्त हुने, दुख बिमार नहुने, शिर ठाडो हुने बिस्वास गरिन्छ ।

## चुल्हा दर्शन–ढोगको उदेश्य :

1. किरात राईहरुको पारस्पारिक सम्बन्धलाई मजबुत बनाउन ।
2. स्वास्थ्य दिर्घायु तथा उत्तरोत्तर प्रगति होस भनि कामना गर्न ।
3. किरात राई यायोक्खा हङकङका गतिबिधि जानकारी गराउन ।
4. किरात राईहरुको धर्म–संस्कार, संस्कृतीको संरक्षण र पर्वद्धन गर्न ।
5. आफुलाई जन्म दिने पिता पुर्खाको स्मरण गर्दै बल शक्ति माग्न ।

## चुला दर्शनढोगमा आवश्यक सामाग्रीहरु :

1. काँसेथालमा अलिकति चामल र दियोबत्ति
2. दियो बाल्ने तेल, सलेदो र लाईटर
3. आवश्यक फेटा र गम्छा
4. चुला दर्शनढोग बारेमा लिफलेट
5. किराया हङकङका गतिबिधि लिफलेट

## कार्यक्रमको रुपरेखा :

1. आशन ग्रहण
2. चुला दर्शनबारे जानकारी (उपाध्यक्षबाट)
3. उपस्थितिबाट स्व:परिचय तथा अतिथिलाई शुभकामना
4. अतिथिलाई सम्मान (पुरुष भए फेटा, महिला भए गम्छा)
5. हङकङका गतिविधिबारे जानकारी (अध्यक्षबाट)
6. अतिथिबाट चुल्हा दर्शन–ढोग
7. अतिथिबाट चुलामा केही भेटि चढाउने
8. अतिथिको ब्यक्तिगत परिचय तथा भनाई
9. कार्यक्रम समापन
10. सगुन बितरण

किरात राई यायोक्खा हङकङको बारेमा जानकारी लिन http://kiratrai.org/ हेर्नु होला ।